पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ०७६।०७७
चलानी नं./Ref. No. : १०५५

मितिः२०७७।०३।२७

श्री सरोकारवालाहरु सबै,
पूर्वखोला गाउँपालिका,पाल्पा।

विषयःयोजना फर-फारक सम्बन्धमा।

प्रस्तुत विषयमा यस पूर्वखोला गाउँपालिकामा आजको दिनसम्म पनि उल्लेख्य मात्रामा योजनाहरु फर-फारक नभएका तथा अझै करिव १५० वटा योजनाहरुको फर-फारक गर्न बाँकी रहेको हुँदा मिति२०७७।०३।२८ देखि २०७७।०३।३० गते सम्म विहान ७ बजेदेखि साँझ ७ बजेसम्म कार्यलय सञ्चालन गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ। योजना फर-फारक गर्नको लागि समय कम भएको हुनाले कार्य सम्पन्न भएका योजना उपभोक्ता समितिका जिम्मेवार व्यक्तिहरुले जतिसक्दो छिटो यस गाउँपालिकाको कार्यलयबाट तोकिए बमोजिमका कागजातहरु सिलसिलेवार रुपमा मिलाई योजना शाखाबाट रुजु गराएर फर्कनु हुन समेत अनुरोध छ।साथै योजनाहरु भुक्तानी कार्यमा चाप पर्ने भएका कारण तत्काल चेक जारी गरी प्रदान गर्न नसकिने हुँदा तपसिल बमोजिमको समय तालिका अनुसार सम्बन्धित उपभोक्ता समिति वा फर्म तथा व्याक्तिहरुका नाममा जारी भएका चेकहरु वितरण गरिने भएकाले सोही बमोजिम गाउँपालिकाको लेखा शाखामा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | सम्पर्क मिति | सम्पर्क गर्ने वडाहरु | सम्पर्क समय |
|---|---|---|---|
| १. | २०७७।०४।०२ | वडा नं.०१ र वडा नं.०६ | कार्यालय समय भित्र |
| २. | २०७७।०४।०३ | वडा नं.०२ र वडा नं.०४ | कार्यालय समय भित्र |
| ३. | २०७७।०४।०४ | वडा नं.०३ र वडा नं.०५ | कार्यालय समय भित्र |

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
१.श्री वडाध्यक्ष ज्यूहरु(सबै) सम्बन्धित उपभोक्ता समिति तथा योजना सम्बन्धित व्यक्तिहरुलाई सूचना प्रशारित गर्नुहुन।

नोटः-अगाडि आउने पहिलो(First come, First) सिद्धान्त अनुसार कार्यालयबाट वितरण गरिएको टोकन बमोजिम एक एक जना गरी योजनाका डकुमेन्ट योजना शाखामा रुजु गराईं फर्कनु होला।